"कृषि पर्यटन पुर्वाधार र रोजगारी समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:२०८०/०८१
चलानि नम्बर: १०४४.

मिति: २०८०।१०।२९

## आ.व. २०८१/०८२ को लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना

रोजगारको हक सम्बन्धी ऐन, २०७५ सोको नियमावली तथा प्रधानमन्त्री रोजगार निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम आ.व. २०८१/०८२ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने ईच्छुक १८-५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०८० सालको फागुन महिना भित्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, चिङ्गाड गाउँपालिकाको कार्यालय तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ।

यस प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगार प्रदान गरी सहयोग पुऱ्याउने भएकाले सोही बमोजिमका व्यक्तिहरुलाई मात्र निवेदन दिनको लागि अनुरोध गरिन्छ। साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ। अन्यथा अपूर्ण र झुट्टा निवेदन रद्द गरिनेछ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
२. निवेदकको २ प्रति पासपोर्ट साईजको फोटा।
३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जिल्ला।
४. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार)।
५. स्थायी बसोबार खुल्ने आवश्यक कागजातको प्रतिलिपी (ना.प्र. पत्र अन्यबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपी र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी)।
६. कुल बार्षिक परिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै पनि सहायता लिएको/नलिएको विवरण।
७. यदि निवेदक वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण।
(देश ............ पासपोर्ट नं. ............. विदेशमा गरेको कामसंग सम्बन्धित सिप ..........)
८. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरी वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचीकृत गरिनेछ।

**बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी व्यवस्था:**

१. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलगन नभएको हुनुपर्ने,
२. स्वरोजगारमा सलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आ.व.को सन्दर्भमा रु.६६,८००) भन्दा कम आय भएको हुनुपर्ने।

***थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।***

शेर बहादुर रानी
नि.प्रमुख प्रशासकीय अधिकृत